लुम्बिनी साँस्कृतिक नगरपालिका
रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ८ | संख्याः ७ | मितिः २०८१/११/२१ |

भाग-१

**लुम्बिनी साँस्कृतिक नगरपालिका**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम "**एच.आई.भी. तथा एड्स कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि–२०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# एच.आई.भी तथा एड्स कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

**पृष्ठभुमि तथा सारांश**

नेपालको राष्ट्रिय एच.आई.भी. रणनीतिक योजना २०२१-२०२६ अनुसार सन् २०१० को तुलनामा एच.आई.भी.को नयाँ संक्रमणलाई ९० प्रतिशतले घटाउने, आमाबाट बच्चामा एच.आई.भी. संक्रमणको निवारण गर्ने र एच.आई.भी. संकमित प्रति हुने लान्छना र भेदभाव लाई शुन्य बनाउने लक्ष्यको साथ जनस्वास्थ्यको चुनौतीका रूपमा रहेको एड्स इपिडेमिकलाई २०३० सम्ममा अन्त्य गर्ने परिकल्पना गरेको छ । यसका लागि एच.आई.भी.संक्रमणको अवस्थालाई ९५ प्रतिशत सुनिश्चित गर्नुपर्ने, एच.आई.भी.संक्रमण पुष्टि भएका ९५ प्रतिशत व्यक्तिहरुलाई शिघ्र उपचारमा लैजाने र उपचारमा रहेका संक्रमित व्यक्तिहरुको उपचारको गुणस्तरता कायम गरि ९५ प्रतिशत

व्यक्तिहरुको भाईरल लोड सप्रेसन गर्ने द्रुत कार्यनीति लिएर सोहि अनुसार विभिन्न तहका सरकारले आ-आफ्ना कृयाकलापहरुलाई प्राथमिकतामा राख्नुपर्ने मार्गदर्शन गरेको छ।
सोहि अनुरुप यस लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्र भित्र रहेका एच.आई.भी. संक्रमितहरुको सहयोग, हेरचाह, पोषण, शैक्षिक सहयोग एवं उपचारमा टेवा पुर्याउन, एच.आई.भी. संक्रमितहरुको मानव अधिकार र स्वास्थ्य अधिकारको सुनिश्चितता गर्न, शैक्षिक निरन्तरताका लागि अभिभावकत्व प्रदान गर्न र संक्रमित व्यक्तिको आत्मसम्मान तथा आत्मवल उच्च राख्दै जिम्मेवार नागरिकको अनुभुति गराउने प्रतिवद्धताका साथ आन्तरिक श्रोत नगद अनुदान अर्न्तगत एच.आई.भी.कार्यक्रम सम्बन्धि कृयाकलापहरु संचालन गर्न बजेट विनियोजन गर्न तथा कार्यान्वयनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि यो एच. आई. भी./एड्स कार्यक्रम कार्यविधि २०८१ तयार पारी लागू गरिएको। एच.आई.भी. सँग सम्बन्धित बजेट विनियोजन र कार्यान्वयन यसै कार्यविधि अनुरुप हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको "नाम एच.आई.भी तथा एड्स कार्यक्रम संचालन सम्बन्धी कार्यविधि, २०८१" रहेको छ।

(ख) यो कार्यविधि नगर सभाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ र यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन गरिनेछ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिकालाई सम्झनुपर्दछ।

(ख) "कार्यालय" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) "कार्यपालिका" भन्नाले लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

३. कार्यविधिको उद्देश्यः

(क) लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्र भित्रका एच. आई. भी. संक्रमित र प्रभावित समुदायको सहयोग र हेरचाहसँग सम्बन्धित कार्यक्रमहरू प्रभावकारी रूपमा सञ्चालन गर्न सहयोग गर्ने।

(ख) लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्रका एच. आई. भी. संक्रमित तथा प्रभावित बालबालिकाहरुलाई नेपालको संबिधान २०७२ अनुसार विशेष प्रकृतिको बालबालिका अनुरुप पोषण, स्वास्थ्य र शैक्षिक सहयोग प्रदान गरि सामाजिक सुरक्षा व्यवस्थापन कायम गराउने ।

(ग) एच. आई. भि. संक्रमित व्यक्तिहरुको उपचारमा सहयोग पुऱ्याउने ।

(घ) संक्रमित र प्रभावित समुदायको क्षमता अभिवृद्दी गरी सेवा तथा अवसरमा पँहुच बृद्धि गरि लान्छना र भेदभावलाई निवारण गर्ने ।

(ङ) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा र रोजगारको लागी पहल गर्ने ।

(च) जिल्लामा भएका सरोकारवाला निकायहरू विच समन्वय र सहकार्य सुदृढ गर्ने ।

४. कार्यविधि अन्तर्गत प्राथमिकतामा राखि समेट्नु पर्ने क्षेत्रहरुः

यस कार्यविधिले एच. आई. भि. संक्रमित तथा प्रभावित व्यक्तिहरुलाई देहाय वमोजिमको सहयोग उपलब्ध गराउनेछः

(क) नगरपालिकाले संक्रमित र प्रभावित समुदायको मानव अधिकार र स्वास्थ्य अधिकारलाई उच्च प्राथमिकता सहित योजना, बजेट विनियोजन र कार्यक्रमको प्रभावकारी कार्यन्वयन ।

(ख) नगरपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागि शिपमूलक र आयमूलक तालिम सञ्चालन गर्नुको साथै व्यवसाय सुरुवातको लागि विउ पूँजि ।

(ग) संक्रमित तथा अति प्रभावित बालबालिकालाई पोषण, स्वास्थ्य तथा शैक्षिक सहयोग ।

(घ) एच.आई.भि संक्रमित हरुलाई एम्बुलेन्स भाडा तथा उपचार सहयोग ।

(ङ) आवश्यकता अनुसार जनचेतनाका कार्यक्रम, तालिम, आयमुलक कार्यक्रम र विउ पूँजि ।

(च) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाकोलागी नगरपालिकाले अन्य सम्भावित सरकारी तथा गैर सरकारी निकायहरूसंग समन्वय र सहकार्य ।

(छ) विशेष परिस्थितिबाट सृजना भएको आवश्यकताको आधारमा कार्यक्रम निर्धारण ।

५. कार्यक्रम संचालन तथा व्यवस्थापन प्रकृयाः

क) एच.आई.भी.संक्रमित बालबालिकालाई पोषण, शिक्षा र स्वास्थ्य सहयोगः

यस कृयाकलाप अन्तर्गत लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र वसोवास गर्ने १८ वर्ष मुनिका एच.आई.भि. संक्रमित र अति प्रभावित भनेर सिफारिस भई आएका वालवालिकालाई पोषण, शिक्षा र स्वास्थ्यमा सुधार ल्याउन कार्य सञ्चालन मार्गदर्शन

बनाई मासिक रुपमा तोकिएको नगद अनुदान पदान गरीनेछ। यसरी बजेट विनियोजन गरि कार्यक्रम संचालन गर्दा दफा ७ अनुसार गठित समन्वय समितिले अनुदानको नियमित सिफारिस, रुजु, प्रमाणिकरण, अनुगमन र समिक्षा सोहि समितिले गर्नेछ।

ख) एम्बुलेन्स भाडा, यातायात तथा उपचार सहयोगः

एच. आई. भी. संक्रमितलाई उपचारको क्रममा स्थानीय स्तरमा उपचार हुन नसकी अन्यत्र वाहिर लान अस्पतालले रिफर गर्दा वा अति आवश्यकिय अवस्थामा एम्बुलेन्स आवश्यक परेमा एम्बुलेन्स व्यवस्थापनको लागि बिल बमोजिमको एम्बुलेन्स भाडा उपलब्ध गरानेछ। साथै उपचार केन्द्र सम्म आउन जान लाग्ने वास्तविक स्थानिय भाडा आवश्यकता हेरि भुक्तानी गर्न सक्नेछ।

स्वास्थ्य विमा र अस्पतालले व्यहोर्ने उपचार व्यवस्थापन र ल्याव परिक्षण बाहेक अत्यावसकिय उपचार तथा ल्याव परिक्षण खर्चको व्यवस्थापन नगरपालिका गर्नेछ। यो सुविधा अर्नगतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ।

ग) सीपमूलक र आयमूलक तालिम

नगरपालिका भित्र रहेका संक्रमित र प्रभावित समुदायहरूको लागि सीपमूलक र आयमूलक तालिमको लागि नगरपालिकाले आवश्यकता पहिचान गरि उचित बजेटको व्यवस्थापन गर्नेछ र तालिम पश्चात आयमूलक व्यवसाय सुरुवातको लागि विउँ पूँजिको व्यवस्थापन गर्नेछ। यो सुविधा अन्तर्गत व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ।

घ) संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षा कार्यक्रमः

संक्रमित तथा प्रभावित युवाहरूको उच्च शिक्षाकोलागी नगरपालिकाले अन्य सम्बन्धित सरकारी तथा नीजि कलेजहरूसंग समन्वय र सहकार्य गरि आवश्यक छात्रवृतिको व्यवस्था गर्नेछ। यो सुविधा अर्नगतको व्यवस्थापन दफा ७ अनुसार गठित समन्वय समितिले गर्नेछ।

ङ) एच.आई.भी. संक्रमितहरुको लागि पोषण सहयोगः

नगरपालिका क्षेत्र भित्र बसोवास गर्ने एच.आई.भी. संक्रमितहरुलाई उनिहरुको गुणस्तर उपचारमा सहयोगार्थ पोषणको आवश्यकता हुने भएकोले लगत तयार गरि नगरपालिकाले पोषण खाद्य सामाग्री उपलव्ध गराउनेछ। यो सुविधा अन्तरको व्यवस्थापन दफा ६ अनुसार गठित समन्वय समितिले गर्नेछ।

६. नगद अनुदान निकासा प्रकृयाः

एचआईभी संक्रमित व्यक्तिले लुम्बिनी साँस्कृतिक नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा व्यबस्था भए बमोजिमको नगद भुक्तानी माग गर्दा निवेदनको साथमा देहाय बमोजिमका कागजात पेश गर्नु पर्नेछ।

(क) लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्थायी बासिन्दा भएको प्रमाणपत्र।

(ख) एचआईभी संक्रमीत भएको प्रमाण पत्र खुल्ने प्रमाण पत्र।

(ग) १८ बर्ष उमेर ननाघेको प्रमाण।

७. समन्वय समितिः

एच.आई.भी. कार्यक्रमको क्षेत्रमा तोकिएका प्राथमिकताहरुको व्यवस्थापन, समन्वय र प्रभावकारि कर्यान्वयनमा सहजीकरण एंव समन्वय गर्न देहाय वमोजिमको ११ सदस्य नगर एड्स समन्वय समिति (Municipal AIDS Coordination Committee MACC)

| | | |
|---|---|---|
| (क) नगर उपप्रमुख | - | संयोजक |
| (ख) महिला, बालबालिका तथा समाज कल्याण उपशाखा प्रमुख | - | सदस्य |
| (ग) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | - | सदस्य |
| (घ) योजना तथा अनुगमन शाखा प्रमुख | - | सदस्य |
| (ङ) प्रशासन शाखा प्रमुख | - | सदस्य |
| (च) सामाजिक विकास शाखा प्रमुख | - | सदस्य |
| (छ) एच.आई.भी./एड्सका क्षेत्रमा क्रियाशिल नेटवर्क प्रमुख वा प्रतिनिधि | - | सदस्य |
| (ज) एच.आई.भी./एड्सको क्षेत्रमा कार्यरत स्थानिय संघ संस्थाका प्रमुख वा प्रतिनिधि ३ जना | - | सदस्य |
| (झ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य सचिव |

- समन्वय समितिको बैठकमा आवश्यकता अनुसार विषय विज्ञ वा अन्य शाखालाई आमन्त्रण गर्न सकिनेछ।
- समन्वय समितिको बैठक प्रत्येक ३ महिनामा एक पटक बस्नेछ र आवश्यकता अनुसार सदस्य सचिवले बैठक बोलाउन सक्नेछ।

८. कार्यविधिको व्याख्याः

यो कार्यविधिको अन्तिम व्याख्या गर्ने अधिकार लुम्बिनी साँस्कृतिक नगरपालिका नगर कार्यपालिकामा निहित रहनेछ।

९. समन्वय र सहकार्य सुदृढ गर्नेः

यस कार्यविधि अन्तरगतको नगर एड्स समन्वय समितीले जिल्लामा रहेका सरोकारवालाहरूसंग नियमित समन्वय र सहकार्य मार्फत मापदंण्डले समेटेका कार्यक्रमहरू संचालन गर्न गराउन पहल गर्नेछ।

१०. संशोधन सम्बन्धी व्यवस्थाः

मुलुकको आवश्यकता, प्राथमिकता एवं सन्दर्भलाई समेत मध्यनजर गरी कार्यपालिकाले प्रचलित कानूनसँग नबाझिने गरी यस कार्यविधिमा जिल्लामा रहेका सरोकारवाला निकायहरूसंगको समन्वय मा आवश्यक थपघट तथा हेरफेर गर्न सक्नेछ।

आज्ञाले

तारा ज्ञवाली

प्रमुख प्रशासकीय अधिकृत